# सार्वजनिक निजी साझेदारी अवधारणामा दुग्ध संकलन केन्द्र निर्माण कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

*(कृषि तथा पशु पन्छी विकास मन्त्रालयको मिति २०७७/०६/११ को मन्त्रिस्तरीय निर्णयवाट स्वीकृत)*

## १. पृष्ठभूमि

पशुपालन क्षेत्रमा सुधार भइरहेकोले नेपालमा दूध लगायत अन्य पशुजन्य पदार्थको उत्पादनमा पनि वृद्धि भइरहेको छ। तर, भौगोलिक विकटता, यातायात सुविधाको अभाव, दुग्ध संकलन/चिस्यान केन्द्रहरुको कमी आदि कारणहरुले गर्दा देशमा उत्पादित कूल दूधको करीव १५–१७ प्रतिशत हिस्सा मात्र औपचारिक संयन्त्र मार्फत बजारमा पुग्ने गरेको छ ।यस्तो अवस्थामा नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाले दूधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न र दूधको बजार व्यवस्था सुधार गर्न सहकारी, निजी तथा सार्वजनिक क्षेत्रमा दूध संकलन/चिस्यान केन्द्रको स्थापना तथा सुदृढिकरण, दूध तथा दुग्ध पदार्थको गुणस्तर सुधार, दुग्ध पदार्थ विविधिकरण तथा बिक्री वितरण र बजार विस्तार आदिमा सहयोग गरिरहेको छ। यसै क्रममा दुग्ध उत्पादन क्षेत्रको दिगो विकासमा सहयोग पुर्याउन आयोजनाले सार्वजनिक निजी साझेदारी अवधारणामा दूध संकलन केन्द्र निमार्ण कार्यक्रम सञ्चालन गर्न लागेकोले सो क्रियाकलापलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मन्त्रिस्तर) बाट यो कार्यक्रम कार्य सञ्चालन प्रक्रिया स्वीकृत गरी जारी गरिएको छ।

## २. उद्देश्य

प्रस्तुत सार्वजनिक निजी साझेदारी अवधारणामा दूध संकलन केन्द्र निर्माण कार्यक्रमका उद्देश्यहरु यस प्रकार छन:

क) राष्ट्रिय मिल्क ग्रिडमा जोडिन बाँकी मध्यपहाडी लोकमार्ग, उत्तर-दक्षिण जोड्ने मार्ग र हुलाकी मार्ग वरपरका दूध उत्पादन क्षेत्रहरुमा दूध संकलन तथा प्रशोधन सुविधाहरु स्थापना गरी त्यहाँको उत्पादनलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय बजारसँग जोड्ने।

ख) सार्वजनिक निजी साझेदारीमा पूर्वाधार विकास गरेर दुग्ध मूल्य शृंखला सम्बन्धी व्यवसाय मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने।

ग) साझेदारीमा पशु स्वास्थ्य, पशु प्रजनन, पशु आहारा लगायतका सेवा तथा अन्य उत्पादन सामाग्रीहरु उपलब्ध गराई ग्रामीण दूध उत्पादन व्यवसायलाई टेवा पुर्याउने।

घ) दुग्ध व्यवसायमा संलग्न सहकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

## ३. कार्यक्रम सञ्चालन हुने स्थान

यो कार्यक्रम मध्य-पहाडी लोकमार्ग, उत्तर-दक्षिण जोड्ने मार्ग र हुलाकी मार्गसँग जोडिएका सबै जिल्लाका गाउँ तथा नगरपालिकाहरुमा सञ्चालन गर्न सकिने छ ।

## ४. कार्यक्रम कार्यान्वयन प्रक्रिया

### ४.१ कार्यक्रमको साझेदार छनौट

क) यस कार्यक्रमका साझेदार गाउँ तथा नगरपालिकाहरु हुनेछन् र साझेदार गाउँ वा नगरपालिकाहरुले यो कार्यक्रम दुग्ध उत्पादक सहकारी संस्थाहरु मार्फत सञ्चालन गर्नेछन्।

ख) नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाका विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले अनुसूची-१ मा उल्लेख भए अनुसार साझेदारहरुका प्रमुख जिम्मेवारीहरु समेत स्पष्ट तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्ने छन्।

ग) आयोजनासँगको साझेदारीमा आफ्नो गाउँ वा नगरपालिकामा कानूनीरुपमा दर्ता भएका कुनै दुग्ध उत्पादक सहकारी संस्था मार्फत यो कार्यक्रम सञ्चालन गर्न इच्छुक गाउँ/नगरपालिकाहरुले कम्तीमा तीन वर्ष अवधिको कार्ययोजना सहित अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुमा पेश गर्नुपर्नेछ।

घ) विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले दर्ता भएका साझेदारी प्रस्तावहरु अनुसूची-३ बमोजिम मूल्याङ्कन गरी प्रदेशस्तर सरोकारवाला विचार विमर्श मञ्चको बैठकबाट अनुमोदन गराएर छनौटको अन्तिम निर्णय गर्नेछन्।

ङ) आयोजना लागू नभएका प्रदेशको हकमा मूल्याङ्कनको अनुमोदन प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट गराउनु पर्नेछ।

च) विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरुले प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा आवश्यक ठानेमा स्थलगत निरीक्षण समेत गर्ने वा गराउने छन्।

### ४.२ साझेदार छनौट समिति

क) ४.१ क अनुसार यस कार्यक्रमको साझेदार गाउँ वा नगरपालिका छनौट गर्ने कार्य विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा अनुसूची -४ बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ ।

### ४.३ साझेदारीका शर्तहरु

यस कार्यक्रममा साझेदारीका शर्तहरु यस प्रकार हुनेछनः

क) साझेदारी गर्न इच्छुक गाउँ वा नगरपालिकाहरुले कानूनी रुपमा दर्ता भएको सहकारी संस्था मार्फत दूध संकलन केन्द्र स्थापना तथा सञ्चालन गर्ने गरी प्रस्ताव तयार गर्नुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

ख) दुग्ध संकलन केन्द्र निर्माण गर्न प्रस्तावक गाउँ वा नगरपालिकाले तराईमा भए दुई कठ्ठा र पहाडमा भए १.५ रोपनी उपयुक्त जमिन उपलब्ध गराउनु पर्नेछ।

ग) संकलन केन्द्र स्थापना गरिने स्थानमा सडक, पानी तथा बिजुलीको थ्रीफेज लाइनको व्यवस्था हुनुपर्नेछ।

घ) दूध संकलन केन्द्र प्रस्ताव गरिएको क्षेत्रमा व्यावसायिक गाई/भैंसी पालनको सुरुवात भएको हुनुपर्नेछ र उक्त संकलन केन्द्र सञ्चालन भएमा दैनिक कम्तीमा पनि ५०० लिटर दूध संकलन हुने आधार समेत प्रस्तावसँग संलग्न हुनुपर्नेछ।

ङ) उत्पादनमूलक गठबन्धनमा आधारित र उत्पादन विविधिकरण योजना समावेश भएको प्रस्तावलाई मूल्याङ्कन गर्दा प्राथमिकता दिइने छ।

च) साझेदारी प्रस्तावक गाउँ वा नगरपालिकाले दूध संकलन केन्द्र निर्माण गर्ने जमिनको अलावा दूध संकलन, भण्डारण, प्रशोधन र बजारीकरणमा आफूले गर्ने प्राविधिक, आर्थिक र बस्तुगत थप सहयोगको विवरणहरु पनि पेश गर्नुपर्नेछ।

छ) दूध संकलन तथा बजारीकरणको अलावा साझेदारी प्रस्ताव गर्ने गाउँ वा नगरपालिकाहरुले सो संकलन केन्द्रबाट पशु स्वास्थ्य, पशु प्रजनन लगायतका सेवा प्रवाह गर्ने र आवश्यक अन्य सुविधा, उपकरण तथा जनशक्ति आफ्नो तर्फबाट उपलब्ध गराउने प्रस्ताव समेत गर्न सक्नेछन्।

### ४.४ साझेदार संस्थाहरुको जिम्मेवारी

यस कार्यक्रमका साझेदारहरुको मुख्य जिम्मेवारी यस प्रकार हुनेछनः

#### ४.४.१ विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय

क) दुग्ध संकलन केन्द्र निर्माण कार्यमा साझेदारी प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्ने।

ख) प्राप्त साझेदारी प्रस्तावहरुको मूल्याङ्कन गरी छानिएका गाउँ वा नगरपालिकासँग सम्झौता गर्ने।

ग) स्वीकृत वार्षिक बजेटको सीमा भित्र रही स्थानीय तहबाट उपलब्ध गराइएको स्थानमा पशु सेवा विभागबाट तोकिएको मापदण्ड बमोजिमको दुग्ध संकलन केन्द्र भवन निमार्ण गर्ने र सम्झौता अनुसारका डेरी उपकरणहरु खरिद गरी भवन तथा उपकरणहरु साझेदार गाउँ वा नगरपालिकामा हस्तान्तरण गर्ने।

घ) साझेदार दुग्ध सहकारीका दूध संकलन तथा प्रशोधन गर्ने कार्यमा संलग्न हुने कर्मचारीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने।

ङ) साझेदार दुग्ध सहकारी संस्थाको सुदृढिकरण गरी उत्पादन/संकलन हुने दूधको स्वच्छता वृद्धि गराउने प्रकारका क्रियाकलापहरु सञ्चालन गर्ने।

च) साझेदारसँगको सहकार्यमा पशु प्रजनन केन्द्र स्थापना गराउन प्राविधिक तथा अन्य आवश्यक सहयोग गर्ने।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

### ४.४.२ गाउँ/नगरपालिका

क) गाउँ वा नगरपालिकामा कार्यरत उपयुक्त दुग्ध सहकारी संस्था छनौट गरी सो सहकारीले सञ्चालन गर्ने गरी दुग्ध संकलन केन्द्र स्थापना गर्न आयोजनासँग साझेदारी प्रस्ताव गर्ने।

ख) दूध संकलन केन्द्र सञ्चालन गर्न छनौट गरिएको सहकारीसँग कममा पनि तीन वर्षको व्यवसाय योजना माँग गरी स्वीकृत गर्ने र सो योजना कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्ने।

ग) आयोजनासँगको साझेदारीमा दूध संकलन केन्द्र भवन निमार्ण गर्नको लागि उपयुक्त जग्गा उपलब्ध गराउने।

घ) दुग्ध संकलन केन्द्र निमार्ण तथा सञ्चालन गर्न सहकारीलाई आर्थिक, प्राविधिक र व्यवस्थापकीय सहयोग गर्ने।

ङ) उक्त साझेदार सहकारी संस्था मार्फत पशु स्वास्थ्य, प्रसार र पशु प्रजनन सेवा आदि उपलब्ध गराउने।

च) दूध संकलन, प्रशोधन एवम् बजारीकरणको लागि आवश्यक पर्ने उपकरण र अन्य सामाग्रीहरु सहकारीलाई उपलब्ध गराउने।

छ) आफ्नो पालिका भित्र दुग्ध क्षेत्रको दिगो विकास गर्न बीमा, सुलभ कर्जा, अनुदान सहयोग, गोठ सुधार, आहारा व्यवस्थापन आदि प्रवर्धनात्मक काम गर्ने/गराउने।

### ४.४.३ सहभागी दुग्ध उत्पादक सहकारी संस्था

क) आयोजना र सम्बन्धित गाउँ/नगर पालिकाको सहयोगमा भवन, उपकरण, प्राविधिक सहयोग आदि प्राप्त गरी दूध संकलन केन्द्र सञ्चालन गर्ने।

ख) आयोजना र गाउँ/नगरपालिका र अन्य निकायहरुको निर्देशन र सहयोगमा सहकारीमा आबद्ध सदस्यहरुको लागि दूध उत्पादन वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने।

ग) दुग्ध संकलन केन्द्र मार्फत सहकारीका सदस्य र अन्य पशुपालक कृषकहरुमा सेवा पुर्याउन पशु प्रजनन, पशु स्वास्थ्य र पशु आहारा आदिका क्रियाकलापहरु सञ्चालन गर्ने।

घ) सहकारीका सदस्यहरुलाई चाहिने प्राविधिक, वित्तीय र अन्य सेवा तथा सामाग्रीहरु सहजरुपमा उपलब्ध गराउन काम गर्ने।

## ५. सम्झौता

क) साझेदारी प्रस्ताव मूल्याङ्कन र साझेदार छनौट भएपछि साझेदारीको प्रस्तावको विश्लेषण गरी साझेदारहरुले गर्ने कार्यहरुको जिम्मेवारी र समयावधि तोकी अनुसूची -५ अनुसारको संझौता गरिने छ।

ख) साझेदारीमा दुग्ध संकलन केन्द्र निर्माण तथा सञ्चालन गर्ने सम्वन्धी अन्य शर्तहरु सम्झौतामा तोकीय बमोजिम हुनेछन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## ६. अनुगमन मूल्याङ्कन

क) दुग्ध संकलन केन्द्र सञ्चालन गर्ने सहकारी संस्थाले साझेदार गाउँ/नगरपालिका मार्फत हरेक चौमासिकमा तोके बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन आयोजनामा पठाउनु पर्ने छ।

ख). यो कार्यक्रमको अनुगमन आयोजना व्यवस्थापन कार्यालय, विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालय र संघीय तथा प्रादेशिक सरकारका अन्य निकायहरुबाट गरिने छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१

## साझेदारीमा दुग्ध संकलन केन्द्र स्थापनाका साझेदारहरुको जिम्मेवारी बाँडफाँड

| क.स. | जिम्मेवारी/काम | ने.ला.से.ई. आयोजना | गाउँ/नगरपालिका | दुग्ध उत्पादक सहकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुग्ध संकलन केन्द्र निर्माण स्थल र साझेदार छनौट | ✓ | | | |
| २ | संकलन केन्द्र निर्माण गर्ने जग्गा उपलव्ध गराउने | | ✓ | | |
| ३ | दूध संकलन केन्द्र स्थापना गर्न चाहिने वातावरणीय शर्तहरु पूरा गर्ने | ✓ | ✓ | ✓ | |
| ४ | संकलन केन्द्र स्थापनाका आवश्यक पूर्व तयारीका काम | | ✓ | ✓ | |
| ५ | मापदण्ड अनुसारको दुग्ध संकलन केन्द्र भवन निर्माण | ✓ | | | |
| ६ | दीर्घकालीन व्यवसाय योजना तयारी | ✓ | ✓ | ✓ | |
| ७ | मेशिन औजार आदि खरिद तथा जडान | ✓ | ✓ | ✓ | |
| ८ | दूध उत्पादन | | | ✓ | |
| ९ | दूध संकलन, प्रशोधन तथा बजारीकरण | | | ✓ | |
| १० | पशु प्रजनन केन्द्र स्थापना र सञ्चालन | ✓ | ✓ | ✓ | |
| ११ | आवश्यक जनशक्ति व्यवस्थापन | ✓ | ✓ | | |
| १२ | क्षमता अभिवृद्धि | | | | |
| १२.१ | दुग्ध व्यवसायको प्रवर्धन तालिम | ✓ | | | |
| १२.२ | इन्सिमिनेटर तालिम | ✓ | | | |
| १२.३ | व्यवसाय सञ्चालन तालिम | ✓ | | | |
| १२.४ | दूध प्रशोधन र दुग्ध पदार्थ विविधिकरण तालिम | ✓ | | | |

## अनुसूची-२

साझेदारी प्रस्तावको ढाँचा

### भाग–१

### परिचय

१. प्रस्तावक गाउँ/नगरपालिकाः ..............................................................................

२. ठेगाना ........................... जिल्ला ................................ प्रदेशः ..................................................

३.टेलिफोन नं. ................................................ ईमेल .......................................................................

४.दूध संकलन केन्द्र सञ्चालन गर्ने दुग्ध सहकारीको विवरणः

४.१ दुग्ध सहकारीको नामः

४.२ स्थापना मिति

४.३ सदस्य संख्या

४.४ हाल दूध संकलनको काम गरेको भए दैनिक संकलन हुने दूध (लिटर)

४.५ सहकारीमा दूध बिक्री गर्ने कृषकः

४.६ सहकारीले दूध बिक्री गर्ने संस्थाः

५.दुग्ध संकलन केन्द्र स्थापना गर्ने प्रस्तावित जमिनको क्षेत्रफलः ..... ..... ......

६. आवश्यक भौतिक पूर्वाधारहरु (छ वा छैन ?, व्यवस्था हुन सक्ने वा नसक्ने ?

६.१ पानी .............

६.२ विद्युत .............................

६.३ बाटोको सुविधा .....................................

७. साझेदारी गर्ने आधार (संक्षेपमा व्याख्या गर्नुहोस) ..........................................................................................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## भाग–२ व्यावसायिक योजनाः

१ पृष्ठभूमि

२ उद्देश्य

३ परियोजना आवश्यकता

४ परियोजनाको संभाव्यताको विस्तृत विवरण

- प्राविधिक पक्ष (प्रस्तावित पूर्वाधारको अनुमानित लागत समेत)
- आर्थिक पक्ष (विस्तृत व्यवसाय विश्लेषण तथा योजना र लगानीका श्रोतहरु समेत खुल्ने गरी )
- बजारीकरण पक्ष
- आर्थिक तथा सामाजिक पक्ष
- वातावरण प्रदुषण नियन्त्रण पक्ष

५. परियोजनाको कार्ययोजना

६. परियोजना संचालन कार्यनीति

## अनुसूची-३

साझेदारी प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मापदण्ड | अधिकतम अंक | प्राप्त अंक | अंक प्रदान गरेको आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | साझेदारी प्रस्ताव गर्ने गाउँ वा नगरपालिकाको लगानी प्रतिबद्धता (जमीन, उपकरण, सञ्चालन खर्च, उत्पादन सहयोग आदि) | २० | | | |
| २ | प्रस्तावित स्थानको उपयुक्तता (सडक, बिद्युत, बजार आदि) | १५ | | | |
| ३ | साझेदारी कार्यान्वयनबाट लाभान्वित हुने लाभग्राही संख्या | १५ | | | |
| ४ | व्यवसाय योजना | २० | | | |
| ५ | संकलन तथा प्रशोधन गरिने दूधको परिमाण | २० | | | |
| ६ | कारोवार विस्तार सम्भावना र दिगोपना | १० | | | |
| जम्मा | | १०० | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

**साझेदारी प्रस्ताव मूल्याङ्कन समिति**

सार्वजनिक निजी साझेदारीमा दुग्ध संकलन केन्द्र स्थापना प्रस्ताव मूल्याङ्कन विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा सार्वजनिक खरिद ऐन बमोजिम गठन भएको मूल्याङ्कन समितिले निम्न विज्ञहरुलाई सहभागी गराई गर्नेछ।

१. अधिकृत प्रतिनिधि, प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय।

२. डेरी मूल्य शृंखला विज्ञ, परामर्शदाता टोली, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाण्डौं

## अनुसूची - ५

## सम्झौता पत्रको नमूना

नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना, विकेन्द्रकृत आयोजना सहयोग इकाई ......... ......को आ.व. ............ को स्वीकृत कार्यक्रम अनुसार सरकारी निजी साझेदारीमा दुग्ध संकलन केन्द्र निमार्ण गर्ने कार्यको लागि पेश भएको प्रस्तावहरुमध्य मूल्याङ्कन समितिको निर्णय अनुसार श्री ..................................................... गाउँ/नगरपालिकासँग साझेदारी गर्ने निणर्य भएकोले नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना, विकेन्दीरकृत आयोजना सहयोग इकाई, ......... ...... (यसपछि प्रथम पक्ष भनिएको ) र ..................................................... गाउँ/नगरपालिका (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपशिल अनुसार शर्तहरु पालना गर्ने गरी सम्झौता भयो।

१. दोस्रो पक्षले प्रस्ताव गरे अनुसार ................................. (ठेगाना ) मा दुग्ध संकलन केन्द्र निमार्ण गर्न प्रथम पक्षले यस सम्झौताको अनुसूचीमा संलग्न निर्माण तथा उपकरणहरु खरिद तथा जडान कार्य गर्ने।

२. यस सम्झौताको अनुसूचीमा उल्लेख गरिएका बाहेक अन्य निर्माण वा खरिद कार्य दोस्रो पक्षले आफै गर्ने वा यो साझेदारी कार्यान्वयन गर्ने दुग्ध सहकारी संस्थाबाट गराउने।

३. दोस्रो पक्षको तर्फबाट गरिने निर्माण वा औजार उपकरणहरुको खरिद एवम् जडान गर्ने काम प्रथम पक्षको प्राविधिक परामर्श अनुसार हुनुपर्ने।

४. प्रथम पक्षको सहकार्यमा प्राप्त अनुदानमा निमार्ण भएको भवन उपकण/सामाग्रीको मर्मत सम्भार दोस्रो पक्षलेनै गर्नु पर्ने र दूध संकलन प्रशोधन र पशुपालन सम्बन्धी सेवा प्रवाह गर्ने बाहेको अरु काममा प्रयोग नगर्ने।

५. यस साझेदारी अन्तर्गत सम्पन्न कामको प्रगति प्रतिवेदन दोस्रो पक्षले नियमित रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्ने।

६. प्रस्ताव अनुसार काम नभएमा कुनै पनि वेला सम्झौता भंग हुनसक्ने र प्रथम पक्षबाट लगानी भएको रकम दोस्रो पक्षले फिर्ता गर्नुपर्ने।

७. यस सहकार्य सम्वन्धी कुनै विवाद/समस्या आदि परेमा दुवै पक्षको सहमति अनुसार समाधान गरिने।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** | **रहोवर दुग्ध सहकारी संस्था** |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम | नाम | नाम |
| पद | पद | पद |
| कार्यालय | कार्यालय | संस्था |
| कार्यालयको छाप | कार्यालयको छाप | संस्थाको छाप |